तामाकोशी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय,**
जफे, ३ दोलखा

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७७/०४/२९)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/०७८ चलानी नं २३ को मिति २०७७/०४/१३ को पत्रानुसार यस तामाकोशी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| **क्र.सं.** | **विज्ञापन नं.** | **पद** | **तह** | **संख्या** |
|---|---|---|---|---|
| १ | ०१-२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-
   क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
   ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-
      - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
      - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
   ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः- तामाकोशी गाउँकार्यपालिकाको कार्यालय, जफे, दोलखा ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७७/०५/११ सम्म ।

४. आवेदनको दस्तुरः- रु. ६००।-(रुपैया छ सय मात्र ।) तामाकोशी गाउँपालिकाको नेपाल बैङ्क लिमिटेड, चरिकोट शाखा, दोलखामा रहेको संचित खाता नम्बर १३००३००००४००१००००२ मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयम ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नागरिकता
   - न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
   - चारित्रिक प्रमाण पत्र
   - अनुभव खुल्ने कागजात
   - चारित्रिक प्रमाण पत्र
   - २ प्रति पासपोर्ट आकारको फोटो

प्रमुख प्रशासकीय अधिकृत

७. सेवा सुविधाः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

**नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी** www.tamakoshimun.gov.np मा उपलब्ध छ ।